'महिला आत्मनिर्भरता अधिकारको स्तम्भ'

लमही (बुटवल टुडे), ११ असार- राष्ट्रिय महिला आयोगले महिला अधिकारका लागि निर्माण भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन प्रतिबद्धताको कार्यान्वयन सम्बन्धी प्रदेशस्तरीय कार्यशाला गोष्ठी बुधबार देउखुरी सम्पन्न भएको छ। गोष्ठीलाई सम्बोधन गर्दै लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री जोखबहादुर महराले महिला सशक्तीकरणका लागि राष्ट्रिय महिला आयोगलाई सक्रियतापुर्वक काम गर्नका लागि आग्रह गरे। उनले महिला पहिला आत्मनिर्भरता, अधिकारको स्तम्भ हुने बताउँदै महिला सबलीकरणका लागि आर्थिक रूपमा सम्पन्नता नहुँदा सम्म अधिकारको प्रत्याभूती नहुने बताए। अब महिला आर्थिक रूपमा सबल बन्न जरुरी छ, यदि यसो भयो भने मात्र सबै क्षेत्रको नेतृत्व गर्न सक्छन महराले भने। लुम्बिनी प्रदेश महिलाका बिषयमा संबेदनसिल छ। प्रदेशलाई महिला मैत्री प्रदेश बनाउन प्रदेशका सबै मन्त्रालयका सचीवलाई आग्रह गरे।

नेपालमा विभिन्न आन्दोलन तथा जनयुद्धले सवै क्षेत्रमा जागरुकता ल्याएको छ। महिलालाई सवै क्षेत्रमा सक्षम बनाउनका लागि राष्ट्रिय महिला आयोगले भूमिका खुल्न जरुरी छ उनले भने नेपालमा अहिले महिलाहरू घरयासी कामकाजमा बढि व्यस्त भएको देखिन्छ। उनीहरूलाई सम्पत्तिमा पनि समान वितरणको अवसर प्रदान गर्न सहजीकरण गर्न जरुरी छ मुख्यमन्त्री महराले भने। साथै महराले अन्तर्क्रिया गरेर, सुझाव लिएर, संघीय सरकारलाई नीति नियम निर्माणमा सहयोग पुऱ्याउनु पर्दछ। महिलाहरूलाई सवै क्षेत्रमा सशक्तीकरण बनाउनका लागि प्रभावकारी भूमिका खेल्न सवैले सहयोग गर्न जरुरी रहेको बताए।

पछिल्लो समय नेपालमा महिलाहरू राजनीति र विचारमा अगाडि आएका बताउँदै मुख्यमन्त्री महराले उनीहरूलाई आर्थिक आय आर्जनमा पनि सहयोग पुराउन आवश्यक रहेको धारणा व्यक्त गरे। राजनीतिक, सामाजिक, आर्थिक र शैक्षिक क्षेत्रमा महिलालाई सशक्तीकरण गर्नका लागि प्रदेश सरकारले थालनी गरेको मुख्यमन्त्री महराले बताए

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालयको काबा सचिव महादेव पन्तले लुम्बिनी प्रदेशका महिलालाई उद्यमशिलतामा जोड्दै सन २०३० सम्म बालबिबाह अन्त्य गर्दै हिम्सा मुक्त प्रदेश बनाउने रणनीतिकासाथ कार्यक्रम ल्याएको बताए। साथै सचीव पन्तले जोखिममा रहेका समुदाय, बर्गलाई प्राथमिकता दिएको बताए। आन्तरिक मामिला तथा कानुन मन्त्रालयका सचिव लाल बहादुर कवारीले र सामाजिक बिकास मन्त्रालयका सचिब बिनोद कुमार पोखेलले मन्त्रालयवाट महिलाको क्षेत्र भएका कार्यहरू जानकारी गराएका थिए।

अन्तर्क्रिया कार्यक्रममा लुम्बिनी प्रदेश सरकारका महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सचिब टेकनाथ पन्थीले महिला अधिकार सम्बन्धी बनेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनको सहजीकरण गराउँदै, मन्त्रालयले लुम्बिनीका महिलाको सबलिकरण गर्न ल्याएको भाबी कार्यक्रम को बारेमा जानकारी गराए।

जनसंघर्षद्वारा अभिनन्दन तथा सम्मान

बुटवल (बुटवल टुडे), १२ असार- बुटवलबाट प्रकाशित हुँदै आएको जनसंघर्ष साप्ताहिक ३५ औं वार्षिकोत्सवको अवसरमा अभिनन्दन तथा सम्मान कार्यक्रम सम्पन्न गरेको छ। संस्थाका संस्थापक प्रधान सम्पादक तथा प्रकाशक डा. बालकृष्ण चापागाईं र बुटवल उपमहानगरपालिकाका उपप्रमुख सावित्रादेवी अर्यालले सम्मान गरेकी हुन। कार्यक्रममा बोल्दै बुटवल उपमहानगरपालिका उपप्रमुख सावित्रा देवी अर्यालले जनसंघर्षले संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिको लागि महत्त्वपूर्ण भूमिका खेलेको भन्दै संस्थाका संस्थापक डा. चापागाईं लगायतको सिङ्गो टिमलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गरिन्।

वार्षिकोत्सवका अवसरमा संस्थाले रुपन्देहीको पत्रकारिताको ईतिहासमा ६ दशकभन्दा बढी पत्रकारितामा योगदान दिने अग्रज पत्रकारहरुलाई अभिनन्दन गरिनुका साथै पत्रकारिताको माध्यमबाट यो गदान दिएका दिवंगत पत्रकारलाई मरणोपरान्त सम्मान पनि गरिएको छ। संस्थाले अग्रज पत्रकारहरु वसन्तध्वज जोशी, हरि प्रसाद ज्ञवाली, कर्ण बहादुर कार्की, मदनलाल पौडेल, रामचन्द्र भट्टराई, अर्जुन ज्ञवाली र नारायण प्रसाद सापकोटालगायतलाई अभिनन्दन गरेको छ। कार्यक्रममा जनसंघर्षको स्थापनाकालदेखि हालसम्म संस्थामा विभिन्न तहमा बसेर योगदान दिने पूर्व कर्मचारी एवम् पत्रकारहरुलाई प्रमाणपत्र प्रदान गरी सम्मान गरिएको थियो।

त्यस्तैगरी दिवंगत अग्रज पत्रकार, लेखक तथा साहित्यकारहरु सूर्यलाल, प्रयागलाल श्रेष्ठ, प्रतापकुमार भट्टचन, प्रा. बालकृष्ण भट्टराई, बाबुराम अर्याल, आरसी चापागाईं, प.बाबुराम भट्टराई, वसन्त पोखरेल र विकास केसीलाई मरणोपरान्त सम्मान गरिएको थियो।

यसैबीच जनसंघर्षको भौतिक विकासमा योगदान दिएको भन्दै स्वर्गीय रतनलाल अग्रवाल र संघरत्न बज्राचार्यलाई पनि मरणोपरान्त सम्मान गरिएको थियो।

कार्यक्रममा नेकपा एमाले रुपन्देहीका अध्यक्ष यज्ञ गैरे, जनसंघर्षका सल्लाहकार तथा समाजसेवी अनुपमान सैजू, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि प्रसाद अर्याल, मानव अधिकार तथा शान्ति समाजका पूर्व केन्द्रीय अध्यक्ष तथा सल्लाहकार गोविन्द खनाल, अग्रज पत्रकारहरु मोहन चापागाईं, दीपक ज्ञवाली, नारायणप्रसाद पौडेल, हरि लम्साल, ऋषि आजाद, शेर बहादुर केसी, अधिवक्ता पदम बहादुर कार्की, पूर्व कर्मचारी खुमा भण्डारीलगायतले बोल्दै जनसंघर्षको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरेका थिए।

कार्यक्रममा जनसंघर्षका संस्थापकः प्रधान सम्पादक तथा प्रकाश डा. बालकृष्ण चापागाईंले बोल्दै तीन दशकभन्दा बढी लामो ईतिहास बोकेको जनसंघर्ष सबैको साथ र सहयोगले ३५ वर्षको यात्रा प्रारम्भ गरेको बताएका थिए।

कपिलवस्तुमा चट्याङ्ग लागेर दुईको मृत्यु

कपिलवस्तु, (बुटवल टुडे) १२ असार - बुधबार बिहान मेघ गर्जन सहितको चट्याङ्ग लागेर कपिलवस्तुमा दुई जनाको मृत्यु भएको छ।

जिल्लाको यशोधरा गाउँपालिका वडा नम्बर ८ भैसहियाका २२ बर्षीय महेश कलवार र बुद्धभूमि नगरपालिका वडा नम्बर १० धनकौलीका अन्दाजी १८ बर्षिय राजु ठाकुरको चट्याङ्ग लागेर मृत्यु भएको हो। दुवै जनालाई घर नजिक खेतमा जाने क्रममा चटयाङ्ग लागेको थियो।

चट्याङ्ग लागेका दुबैको घटनास्थलमै मृत्यु भएको कपिलवस्तुका प्रहरी उपरिक्षक नवरत्न पौडेलले जानकारी दिए। मृतकको शव कपिलवस्तु अस्पतालमा पोष्टमार्टम गरि दाहसंस्कारका लागि परिवारको जिम्मा लगाईएको उनले बताए।

आँबूखैरेनी गाउँपालिकाको अनुरोध

गाउँपालिकालाई व्यापारिक, औद्योगिक केन्द्रको रुपमा स्वच्छ सफा हराभरा राख्नु हामी सम्पूर्ण गाउँपालिकाबासीको कर्तव्य हो। हामी सबैले निम्न दैनिक गतिविधिमा ध्यान पुऱ्याई गाउँपालिकाको विकासमा सहयोग पुऱ्याउन आँबूखैरेनी गाउँपालिका हार्दिक अनुरोध गर्दछ।

१. गाउँपालिकाबासीले तिरेको करबाट गाउँपालिकाको विकास निर्माण कार्य हुने भएको हुँदा आफूले तिर्नुपर्ने कर समयमै बुझाऔं।
२. आफ्नो घर तथा पसलबाट निस्कासित फोहोर गाउँपालिकाले तोकेको स्थान र समयमा राख्ने गरौं।
३. सडकको दायाँ बायाँ र पेटी माथि सामानहरु जथाभावी राखी बेचबिखन गर्ने गर्दा सर्वसाधारणलाई हिँड्डुल गर्न असजिलो हुनुका साथै दुर्घटना हुन सक्ने हुँदा नाली र पेटी अतिक्रमण हुने गरी सामान नराखौं।
४. यातायात एवं आवागमन अवरोध हुने गरी सडक तथा सडक पेटीमा निर्माण सामग्री नराखौं।
५. गाईगोरु, बाख्रा, सुँगुर, बंगुर तथा अरु चौपाया जनावरहरु सडकमा छाडा छाडिदिँदा सवारी दुर्घटना भई अकालमा ज्यान जाने भएको हुँदा चौपायाहरु छाडा नछाडौं।
६. खुल्ला स्थानमा दिसापिसाब नगरौं। चर्पीमा मात्र दिसापिसाब गर्ने गरौं।
७. गाउँपालिकामा दर्ता नभएको व्यापार व्यवसाय उद्योग तथा फर्महरु तुरुन्त दर्ता गरौं।
८. खुल्ला स्थानमा बिक्री वितरण भएका खाद्य पदार्थले जनस्वास्थ्यलाई असर पार्ने भएकोले सुरक्षित र स्वास्थ्य खाद्य पदार्थ मात्र बिक्री वितरण गरौं।
९. रुख रोपौं वातावरण संरक्षण गरौं।
१०. जन्म, मृत्यु, विवाह दर्ता समयमै गराऔं।

विष्णु प्रसाद शर्मा — प्रमुख प्रशासकिय अधिकृत
दुर्गा अर्याल — उपाध्यक्ष
शुक्र चुमान — अध्यक्ष

आँबूखैरेनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गण्डकी प्रदेश, तनहुँ, नेपाल

तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

विधुतीय बोलपत्र दरभाउपत्र स्वीकृत गर्ने आसयको सूचना।

सूचना प्रकाशित मितिः २०८१/०३/१०

यस तिलोत्तमा नगरपालिका, रूपन्देहीको चालु आ. व. ०८०/०८१ को स्वीकृत कार्यक्रम अनुसार यस कार्यालयबाट तपशिलका कार्य गर्नको लागि मिति २०८१/०२/०६ गते प्रकाशित विधुतीय बोलपत्र/दरभाउपत्र आह्वानको सूचना अनुसार उक्त कार्यको लागि पेश भएका बोलपत्र/दरभाउपत्र मध्ये यस कार्यालयको मुल्यांकन समितिको निर्णयानुसार तपसिल वमोजिमको बोलपत्र दरभाउपत्र स्विकृतको लागि सिफारिस भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ दफा २७ (२) को प्रयोजनार्थ यो सूचना प्रकाशित गरिएको छ।

तपशिल

क्र. सं.	ठेक्का नं.	छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना	खरिद कार्यको विवरण	कवोल रकम ने. रु. (भ्याट समेत)
१	NCB/TM/G/ १०/०८०/८१	लोक शुसिला अटो कन्सर्न प्रा. लि. बुटवल	SUV Jeep खरिद तथा सप्लाई कार्य	७३,३०,०००।-

प्रमुख प्रशासकीय अधिकृत

आम्दा नेपाल

सिद्धार्थ बाल तथा महिला अस्पताल

बुटवल-७, रूपन्देही, नेपाल

पदपूर्ति सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८१।०३।१३

आम्दा-नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल, बुटवलका लागि विशेष करार सेवा अन्तर्गत निम्न रिक्त पदहरूमा खुल्ला प्रतिस्पर्धा माध्यमद्वारा पदपूर्ती गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकले मिति २०८१/०३/१९ गते ४:०० बजेभित्र सम्बन्धित प्रमाण- पत्रहरू सहित आवेदन पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ। रितपूर्वक प्राप्त आवेदकहरूको लिखित परिक्षा मिति २० गते बिहान ११:०० बजे संचालन हुनेछ।

क्र. सं.	पद	न्यूनतम योग्यता	आवश्यक संख्या
१	स्टाफ नर्स	सम्बन्धित विषयमा उत्तीर्ण भई नर्सिंग काउन्सिलको दर्ता प्रमाण-पत्र प्राप्त	केही
२	फार्मेसी सहायक (Diploma in Pharmacy)	सम्बन्धित विषयमा उत्तीर्ण भई नेपाल फार्मेसी परिषदको दर्ता प्रमाण-पत्र प्राप्त	केही

- सम्बन्धित पदको विस्तृत कार्य जिम्मेवारी एवं अन्य जानकारी https://www.amda.org.np/vacancy वा आम्दा-नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पतालको सूचना बोर्डमा राखिएको छ।
- आवेदन फारम आम्दा-नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पतालको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ।

आम्दा-नेपाल, सिद्धार्थ बाल तथा महिला अस्पताल
बुटवल-७, दीपनगर, रूपन्देही
फोन नं. ०७१-५०२०९७

रामग्राम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
परासी, नवलपरासी (ब.सु.प)

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति २०८१/०३/१३)

रामग्राम नगरपालिकाको आ. व. २०८०/०८१ को बार्षिक बजेट अनुसार तल उल्लेखित स्थानमा तपसिल बमोजिमको कार्य गर्नु पर्ने भएकाले विभिन्न मितिमा www.bolpatra.gov.np/egp मार्फत बोलपत्र आह्वान गरिएकोमा सुचना अनुसार रीतपुर्वक पर्न आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको न्यूनतम मुल्याङ्कित फर्महरू सारभूतरूपमा प्रभावग्राही देखि स्वीकृतिको लागि मुल्याङ्कन समितिबाट सिफारिस भई आएको हुदा, सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा २७ (१) र २७ (२) को प्रयोजनार्थ सात दिनका लागि आशय पत्र जारी गरी सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरूलाई समेत सोही व्यहोरा जानकारी गराउन सकिने व्यवस्था भए बमोजिम यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

सि. नं.	ठेक्का नं.	कामको विवरण	फर्मको नाम तथा स्थान	कबोल रकम भ्याट र पि.एस. बाहेक
1	RAM/EB/Goods/01	Purchase of Sanitary Pad as per attached Specification (Size 280 mm Length, 60-75 mm Width, Minimum 8 Pads per Pack, Ultra Type, Trifold	A.G. Health Industries Pvt. Ltd, Tilottama 16, Rupandehi	Rs. 5,78,640.00

प्रमुख प्रशासकीय अधिकृत

देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

केरवानी, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

हाट बजार बैठकी कर सम्बन्धि बोलपत्र आह्वानको सूचना।

(प्रथम पटक प्रकाशित मिति- २०८१/३/१३)

यस देवदह नगरपालिका केरवानी रूपन्देही क्षेत्र भित्र लाग्ने तपशिलका हाटवजारहरूको आर्थिक बर्ष २०८१/०८२ (२०८१ श्रावण १ गते देखि २०८२ आषाढ मसान्त सम्म) का लागि तपशिल बमोजिमको शर्त र अधिनमा रहि (हाट बजार बैठकी शुल्क) संकलन गर्न बढी बढाउमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले १५ दिने बोलपत्र आह्ववान गरिएको छ।

१. बोलपत्रपत्र फारमको न्यूनतम बोल रकम निम्नानुसार रहनेछ।
क) शुक्रबारे हाटबजार खैरेनी - रु.१०,००,०००/-
ख) सोमबारे हाटवजार शितलनगर- रु. ६,००,०००/-
ग) मंगलबारे हाटवजार भलुही - रु. ६०,०००/-
घ) मंगलबारे हाटबजार बिर्ता - रु. ३,३०,०००/-
ङ) आइतबारे हाटबजार पेटवनिया - रु. २५,२००/-
च) बुधबारे हाटबजार टटेरा - रु. १,२०,०००/-
छ) शनिबारे हाटबजार सदवनिया - ७,००,०००/-
२. बोलपत्र फारम रु ५००/- (पछि फिर्ता नहुने गरि) नगरपालिकाको कार्यालयबाट खरिद गर्नु पर्नेछ।
३. प्रत्येक हाटबजारका लागि छुट्टाछुट्टै बोलपत्र फारम भर्नु पर्नेछ।
४. बोलपत्र फारम पेश गर्दा कबोल अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको एन आई सि एसिया बैक लिमिटेडँ खैरेनीमा रहेको ग-३ धरौटी खाता हि.नं. १५CA०५१२७६६५२४०१ मा जम्मा गरेको भौचर संलग्न हुनु पर्नेछ।
५. बोलपत्र स्विकृत भएको मितिले ७ दिन भित्रमा सम्झौता गरि ईजाजतपत्र (पट्टा) उठाइसक्नु पर्नेछ।
६. सम्झौता गर्दा बोलपत्र स्विकृत भएको बोलपत्रदाताले देवदह नगरपालिकाको नाममा कवोल रकम बराबरको रकम एकमुष्ठ एन आई सि एशिया बैंक लिमिटेड खैरेनीमा रहेको ग-१-१ आन्तरिक राजस्व खाता हि. नं. ०१५२०५००२९५७२००२ मा जम्मा गरेको भौचर सलग्न गर्नु पर्नेछ।
७. बोलपत्र फारममा कार्यालय प्रमुखको वा कार्यालय प्रमुखले तोकेको अधिकृत कर्मचारीको सहि तथा कार्यालयको छाप नभएको मान्यता हुने छैन।
८. बोलपत्र फारम मिति २०८१/३/२७ गते दिनको १२:०० बजे सम्म दर्ता गराई सक्नुपर्नेछ। सोहि दिनको ०२:०० बजे बोलपत्र दाता वा निजको प्रतिनिधिको रोहवरमा वा उपस्थित अन्य व्यक्तिहरूको रोहवरमा बोलपत्र खोलिने छ। बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा विदा पछि कार्यालय खुल्ने दिन सोही समयमा प्रकृया अघि बढ्नेछ।
९. रित नपुगी आएको बोलपत्रलाई मान्यता दिइने छैन।
१०. हाटबजार बैठकी कर नगरपालिकाको आर्थिक ऐन,२०८१ अनुसार हुनेछ।
११. बोलपत्र स्विकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नगरपालिकामा निहित रहनेछ।
१२. यस नगरपालिकालाई तिर्नु पर्ने बक्यौता रकम भएका बोलपत्र दाताहरूको बोलपत्र स्वीकृत हुने छैन।
१३. बजार व्यवस्थापनका लागि साधारण मर्मत सम्भार सम्बन्धी कार्य बोलपत्रदाता स्वयंले गर्नुपर्नेछ।
१४. कुनै प्रकारको बहानामा मिनाहा दाबि गर्न पाइने छैन।
१५. बोलपत्र फारमका साथ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य हुनेछ।
१६. स्वीकृत बोलपत्रदाताले तोकिएको म्याद भित्र रकम दाखिला नगरेमा निजको नाममा रहेको धरौटी रकम जफत गरिनेछ।
१७. माथि उल्लेखित बाहेकका अन्य विषयहरू प्रचलित कानुन बमोजिम हुनेछ।
१८. अन्य थप जानकारीका लागि देवदह नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, केरवानी देवदहमा सम्पर्क राख्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत

महाराजगंज नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
महाराजगंज, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्न आशय सम्बन्धी सुचना।

सूचना प्रकाशित मिति २०८१/०३/१३

यस कार्यालयको तपशिल बमोजिम मिति २०८१/०२/०२ (१५, May, २०२४) मा बिद्युतीय मध्यमबाट निर्माण कार्य लागी राष्ट्रीय दैनिक पत्रिकामा सार्वजनिक सुचना मार्फत बोलपत्र आव्हान गरिएकोमा रित पुर्वक दर्ता हुन आएका तपशिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेका दरभाउपत्र न्युनतम मुल्यांकित तथा सारभुत रूपमा प्रभावकारी रहेका भनि बोलपत्र मुल्याकंन समितिबाट सिफरिस भै आएको हूदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को नियम ६३ को प्रयोजनार्थ सम्बन्धितहरूको जानकारीको लागि यो बोलपत्र स्वीकृत गर्न ७ (सात) दिने आशय सम्बन्धी सूचना प्रकाशित गरिएको छ।

तपसिल

सि. नं.	सूचना प्रकाशित मिति	ठे. नं.	विवरण	बोलपत्रदताको नाम र ठेगाना	कबोल रकम (भ्याट सहित)
१	२०८१/०२/०२ (१५, May, २०२४)	7-MM/KPIL/RD/ Works/080/081	Aurahawa Balramwapur Takdirpur Sadak Marmat	Laxmi Construction And Lab Testing Private Limited	४४,८६,५,१७७।०४

प्रमुख प्रशासकीय अधिकृत

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुटवल, रूपन्देही।

वोलपत्र स्वीकृतिको आशयपत्र सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति :- २०८१/०३/१३)

बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट मिति २०८१/०२/०४ मा प्रकाशित देहायको कार्यको बोलपत्र आह्वान सम्बन्धी सूचना अनुसार ई-विडिङ्ग मार्फत म्यादभित्र दर्ता हुन आएका बोलपत्रहरू मध्ये प्राविधिक र आर्थिक प्रस्तावमा योग्य तपशिल बमोजिमका बोलपत्रहरू स्वीकृत हुने प्रक्रियामा रहेको हुंदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै उक्त प्रकृयामा चित्त नबुझेमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिमको अवधिभित्र निवेदन पेश गर्न हुन सम्बन्धित सरोकारवालाहरूलाई समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

तपशिल

ठेक्का नं.	कामको विवरण		ठेक्का कबोल गर्ने फर्मको नाम ठेगाना	कबोल अंक भ्याट सहित रु.
०५/०८०/०८१/ BSMC/Goods/ NCB	मोटरसाइकल र स्कुटरको सप्लाई र डेलिभरी कार्य	प्याकेज १ (मोटरसाइकल)	श्री हंसराज हुलास चन्द एण्ड कम्पनि प्रा. लि. काठमाडौं	१७,९९,४००।-
		प्याकेज २ (स्कुटर)	जगदम्बा मोटर्स प्रा. लि. काठमाडौ	९,१६,०००।-

बुटवल उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय